annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १०६ पृष्ठ ८ | काठमाडौं, बिहीबार ३१ साउन २०८१ | श्रावण शुक्लपक्ष एकादशी, नेपाल संवत् ११४४ | THURSDAY, AUGUST 15, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# सामाजिक सुरक्षा भत्ता, बुझ्नै सास्ती


जनताको घर दैलोको सरकार हो- स्थानीय तह । जनतासँग प्रत्यक्ष जोडिएर सेवा सुविधा दिने उसको प्रमुख दायित्व र जिम्मेवारी हो । तर, केन्द्र सरकारले पठाइदिने सामाजिक सुरक्षा भत्तासमेत सहज रूपमा वितरण नगरिदिँदा वृद्धवृद्धा, अपांगता र अशक्त नागरिकले सास्ती खेप्दै आएका छन् । यी वर्गका नागरिक भत्ता बुझ्न अझै पनि घन्टौं हिँड्नुपर्ने र लामो लाइन पार गरेर भत्ता बुझ्नुपर्ने बाध्यता छ ।

**केशरराज क्षेत्री** | *बुटवल*

**- को रिपोर्ट**

समाचार पृष्ठ २

सामाजिक सुरक्षा भत्ताको रूपमा खर्च हुने कुल रकम
१ खर्ब १४ अर्ब रुपैयाँ




*स्रोत : राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग*

## दुर्गम गाउँपालिकामा विकासको पहुँच



**लोप्साङ छोम्फेल बिष्ट**

इजलास

धेरै समय भएकै छैन, हाम्रो गाउँपालिकामा नत सडकको पहुँच थियो नत विद्युत्को नै । अहिलेको जस्तो इमेल, इन्टरनेट र सञ्चार त कुरै भएन। एक वडाबाट अर्को वडा जानुपर्दा घण्टौं पैदल वा घोडा चढेर पुग्नुपर्ने थियो। स्वास्थ्य उपचारका लागि सुगमको अस्पताल वा स्वास्थ्य केन्द्रमा लैजानसमेत कठिन पर्थ्यो।

तर, अहिले ५ वटै वडामा मोटर बाटो पुगेको छ। इन्टरेनट र सञ्चारको सुविधा पुगिसकेको छ। हिजोको अवस्थामा सञ्चार र इन्टरनेटको सुविधा नहुँदा हाम्रो पालिकावासी नागरिकले देश-विदेशको सूचना थाहा पाउन, प्रशासनिक कार्य र कुनै व्यक्तिगत कार्य गर्नसमेत बञ्चित थिए। तर, अहिले त्यो अवस्था छैन।

गाउँ-गाउँमा मोटर बाटो पुगेको छ। शिक्षा र स्वास्थ्य क्षेत्रको अधिकारलाई सुनिश्चित गर्ने प्रयास गरेका छौं। पालिकामा ७ वटा आधारभूत विद्यालय छन्। पालिका भित्रका सबै सामुदायिक सरकारी स्कुलमा पढ्ने करिब २५० बढी बालबालिकालाई उच्च शिक्षा हासिल गर्न टेवा पुगोस् भनेर गाउँपालिका र अभिभावकको लागत साझेदारीमा विद्यालय बैंकिङ खाता सञ्चालन गर्दै आइरहेका छौं।

५ वटै वडामा स्वास्थ्यचौकी स्थापना भएको छ । हिउँदको समयमा जाडो हुने भएकाले विद्यार्थीलाई बेसीको पारिलो स्थानमा पठनपाठन गराउने गरी घुम्ती कक्षा सञ्चालन गर्ने गरेका छौं। धार्मिक तथा ऐतिहासिक पर्यटकीय स्थलको संरक्षण सम्बर्द्धन गर्नमा जोड दिइरहेका छौं। हिमाली क्षेत्रको मौलिकता,जैविक विविधता प्राचीन सम्यता र संस्कृति जोगाउन हाम्रो निरन्तर प्रयास जारी छ। सामूहिक स्याउ खेती विस्तारदेखि कृषकहरूका हरेक समस्या समाधान गर्न लागेका छौं। कोरलानाकासम्म ३३ केभीको प्रसारण लाइनको विस्तार कार्य भइरहेको छ। अब चराङ र चैलेमा ३३ केमी सबस्टेसन निर्माण तयारीमा छ । दामोदरकुण्डको महत्व र व्यवस्थापनमा ध्यान दिएका छौं। त्यहाँसम्म मोटर बाटो पुऱ्याउने हाम्रो लक्ष्य हो।

*(बिष्ट लोघेकर दामोदरकुण्ड गाउँपालिका, मुस्ताङका अध्यक्ष हुन् ।)*

# शक्ति आर्जन गर्न माधव नेपालको साथ खोज्दै प्रचण्ड

**राजकरण महतो** | *काठमाडौं*





'पार्टीभित्र र बाहिर अप्ठ्यारो' मा परेपछि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालसँग सोमबार 'गोप्य' भेटवार्ता गरे। 'पार्टी एकता गरौं, तपाईं (माधव नेपाललाई) प्रधानमन्त्री बनाउन म पहल गर्छु,' प्रचण्डको प्रस्ताव थियो। पार्टी एकताप्रति नेपाल सकारात्मक देखिए। तर, प्रधानमन्त्री बनाउने प्रचण्डको प्रस्तावप्रति विश्वस्त बनेनन्।

प्रचण्डको चलखेलकै कारण 'मुखको प्रधानमन्त्री' पद गुमेको र पटक-पटक 'धोखा' खाएको नेपालको बुझाइ छ। 'पार्टी एकताका विषयमा त हामी सकारात्मक नै छौं। तर, प्रधानमन्त्रीका लागि प्रचण्डले राख्नुभएको 'ललिपप' मा विश्वस्त हुने आधार छैन,' नेपाल निकट स्रोतले भन्यो। तत्कालीन नेकपा विवाददेखि माओवादी प्रतिपक्षमा पुग्दासम्म प्रचण्डकै साथमा उभिएका पूर्वप्रधानमन्त्री नेपाल 'प्रचण्डलाई सहजै विश्वास गर्ने' अवस्थामा भने नरहेको उनी निकट नेताहरू बताउँछन्। कांग्रेससहितको गठबन्धन तोडेर एमालेसँग सत्ता समीकरण गर्दा प्रचण्डले 'धोखा' दिएको नेपालको बुझाइ छ। कांग्रेससहितको गठबन्धनमा 'एक वर्ष नेपाललाई प्रधानमन्त्री' बनाउने सहमति थियो। तर, प्रचण्डले रातारात कांग्रेससँगको सहकार्य तोड्दा उक्त अवसर गुमेको नेपाल पक्षधर नेताहरूको बुझाइ छ।

पार्टीभित्र नेतृत्व हस्तान्तरणको दबाब र प्रतिपक्षमा पुगेपछि शक्ति प्राप्तिका लागि प्रचण्डले नेपालको साथ खोजेको उनी निकट नेताहरू बताउँछन्। 'भित्र बाहिर अप्ठ्यारोमा परेपछि शक्ति आर्जनका लागि गरिएको अर्को मञ्चन मात्रै हो,' नेपाल निकट स्रोतले भन्यो, 'आफू अप्ठ्यारोमा पर्दा साथ खोज्ने, तर आफूलाई फाइदा हुँदा जति बेला जोसुकैलाई पनि लात हान्ने प्रचण्डको बानी हामीले पनि नचिनेको होइन।'

विगतमा आफूसँग ३२ सिटको म्याजिक नम्बर रहेको भन्दै पाँचै वर्ष सत्ताको नेतृत्व लिइरहने दाबी गरेका प्रचण्डको सपना कांग्रेस र एमाले मिलेर तुहाइदिएका थिए। पहिलो ठूलो दल कांग्रेस र एमाले मिलेर सत्ता सञ्चालन गरेपछि प्रचण्ड एकाएक विपक्षमा पुगेका थिए। त्यसयता प्रचण्डले आफू अब प्रधानमन्त्री नबन्नेदेखि नेपाललाई प्रधानमन्त्रीको प्रस्ताव गरिसकेका छन्। 'अत्यन्तै चलायमान र अस्थिर' प्रचण्डविरुद्ध स्थायी कमिटी बैठकमै नेताहरूले पद छोड्न दबाब बढाएपछि उनी थप अप्ठ्यारोमा परेका हुन्।

» बाँकी पृष्ठ ६

## थाई प्रधानमन्त्री श्रेथा पद मुक्त

**बैंकक** (एएफपी) : थाइल्यान्डको संवैधानिक अदालतले प्रधानमन्त्री श्रेथा थाभिसिनलाई पदीय मर्यादामा आँच आउने कार्य गरेको अभियोग सम्बन्धमा फैसला दिँदै बुधबार जिम्मेवारीबाट मुक्त गर्न आदेश दिएको छ। अदालतको आदेशपछि अपदस्थ भएका फेउ थाई पार्टीका नेता तथा प्रधानमन्त्री थाभिसिनले बुधबार आफूलाई नैतिक नियम उल्लंघन गरेका कारण पदबाट हटाउने अदालतको फैसलाको सम्मान गर्ने बताएका छन्।

'म अदालतको फैसलाको सम्मान गर्छु। म लगभग एक वर्षदेखि प्रधानमन्त्रीको भूमिका निर्वाह गरिरहेको छु। मैले इमानदारीका साथ देशको नेतृत्व गर्ने प्रयास गरेको छु,' संवैधानिक अदालतको फैसलापछि श्रेथाले भने। फौजदारी अभियोग लागेका व्यक्तिलाई मन्त्री नियुक्त गर्ने निर्णयबारे बुधबार भएको थाइल्यान्डको संवैधानिक अदालतको फैसलापछि प्रधानमन्त्री श्रेथा थाभिसिन पदमा रहन नसक्ने भएका हुन्।

यही अदालतले राज्यको प्रमुख प्रतिपक्षी दल मुभ फरवार्ड पार्टीलाई विघटन गरी पार्टीका पूर्वनेता पिता लिम्जारोएनरातलाई एक दशकका लागि राजनीतिमा प्रतिबन्ध लगाएको एक सातापछि यो मुद्दाबारे फैसला आएको हो।

# टीआरसी विधेयक प्रतिनिधिसभाबाट पारित

**तारा चापागाई** | *काठमाडौं*



संक्रमणकालीन न्यायसम्बन्धी (टीआरसी) विधेयक प्रतिनिधिसभाबाट पारित भएको छ। बुधबार बसेको बैठकले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०८१ पारित गरेको हो। सरकारले २५ फागुन २०७९ मा यो विधेयक प्रतिनिधिसभामा दर्ता गरेको थियो।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक'लाई प्रतिनिधिसभामा प्रस्तुत गरेका थिए। गत साउन २४ गतेको कानुन, न्याय तथा मानवअधिकार कानुन समितिको बैठकले सर्वसम्मतिले पारित गरेको थियो।

प्रतिनिधिसभाबाट पारित भएको यो विधेयक राष्ट्रियसभामा जान्छ। राष्ट्रिय सभाबाट पारित भएर पुन: प्रतिनिधिसभामा आउँछ र सभामुखबाट प्रमाणित भएर प्रमाणीकरणका लागि राष्ट्रपतिकहाँ पुग्छ। राष्ट्रपतिले प्रमाणीकरण गरेपछि कानुन बन्नेछ।

प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार कानुन समितिले विधेयक पास गर्नुअघि मुख्य विवादित विषयमा प्रमुख तीन राजनीतिक दल नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रका शीर्ष नेताहरूले विवादित विषयमा सहमति जुटाएका थिए। बुधबार बैठकमा विधेयकमाथि छलफल भएपछि सभामुख देवराज घिमिरेले पारित भएको घोषणा गरेका हुन्।

**सहमतिका साथ प्रभावकारी आयोग बन्ने छ : प्रधानमन्त्री**

प्रधानमन्त्री केपी शर्मा ओलीले टीआरसी विधेयक संसद्बाट पास भएपछि सहमतिका साथ प्रभावकारी आयोग बन्ने बताएका छन्।

प्रतिनिधिसभाको बुधबार बसेको बैठकलाई सम्बोधन गर्दै ओलीले टीआरसी विधेयक ऐन बनिसकेपछि आयोगहरू निर्माण गर्ने बताएका हुन्। 'सर्वसम्मतिबाट पीडितमैत्री र कुनै करकापमा नपरी सहमतिका साथ यस दस्तावेज अगाडि बढाएका छौं। यो हामी सबैका लागि खुसीको विषय हो।' ऐनले आयोगलाई काम गर्न अनुकूलता प्रदान गर्ने उनले बताए। 'हामी द्वन्द्वलाई शान्ति प्रक्रियामा बदल्न आफ्नै हिसाबले अगाडि बढायौं। यो मौलिक छ। त्यही कारण सकारात्मक ढंगले समाधान हुँदै आएको छ', एमाले अध्यक्षसमेत रहेका ओलीले भने, 'दुनियाँका लागि नमुनाका रूपमा शान्ति प्रक्रिया टुंग्याउँदै छौं।' सहमतिका साथ प्रभावकारी आयोग बन्ने छन्। त्यसलाई सरकारको तर्फबाट पूराका पूरा सहयोग हुन्छ।'

कांग्रेस सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले सशस्त्र द्वन्द्वको बेला भएका घटनाहरूले नेपाली समाजमा पीडा दिएकाले लामो समयदेखि द्वन्द्व पीडितहरू न्यायको खोजीमा बसेकाले अब न्याय पाउने बेला आएको बताए।

देउवाले विधेयकले सत्यको अन्वेषण गर्ने, न्याय गर्ने, पीडितलाई परिपूरण गर्ने र द्वन्द्वको पुनरावृत्ति नहुने अवस्थालाई सुनिश्चित गर्ने व्यवस्था गरेको बताए। 'यो विधेयक संक्रमणकालीन न्यायको मान्यतामा आधारित हाम्रो प्रचलित कानुन, सर्वोच्च अदालतको फैसला र अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल रहेको छ', देउवाले भने।

उनले उचित परिपूरण हुन नसकेका कारण पीडित स्वयं र परिवारजनले थप पीडा बेहोर्नु परेको अवस्थामा यो विधेयक कानुन बनेपश्चात् द्वन्द्वका सबै पीडितहरूले न्यायको अनुभूति गर्ने बताए।

» बाँकी पृष्ठ ६